# प्रतिज्ञा-पत्र

**सुशासन, सहकार्य र समुन्नतिको साझा यात्राका लागि... !**

**आदरणीय आमाबुबा, दिदीबहिनी तथा दाजुभाइहरू,**

वि.सं. २०७९ को आम निर्वाचनमा काठमाडौं क्षेत्र नं. ५ को प्रतिनिधिका रूपमा यहाँहरूले मलाई जुन मत र विश्वास दिएर पठाउनु भएको थियो, त्यसको उच्च सम्मान गरी मैले संसद् र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा रहँदा सधैं इमानदारीपूर्वक काम गर्ने प्रयास गरें। यहाँहरूले सुम्पनुभएको जिम्मेवारी र मप्रतिको अगाध स्नेहका लागि म सधैं कृतज्ञ छु। मलाई निर्वाचित गरेर पहिलो पटक जनप्रतिनिधि र मन्त्री बन्ने सुअवसर दिनुभएकोमा म यहाँहरूप्रति सदैव अनुगृहीत रहनेछु। सर्वप्रथम, गत निर्वाचनका समयमा हामीले गरेको प्रतिज्ञालाई स्मरण गर्दै यस क्षेत्रमा गरेका केही कार्यप्रगतिहरू यहाँहरू समक्ष राख्ने अनुमति माग्दछु।

यस क्षेत्रको विकासका लागि व्यवस्थित सडक सञ्जाल तथा पूर्वाधार विकास, स्वच्छ खानेपानी र मुहान संरक्षण, स्वास्थ्य सेवा विस्तार, शैक्षिक क्षेत्रको सुधार, धार्मिक एवं सांस्कृतिक सम्पदाको जगेर्ना, सार्वजनिक जग्गा संरक्षण, वृक्षारोपण, पार्क निर्माण तथा खेलकुद पूर्वाधारको सुदृढीकरण जस्ता अधिकांश कार्य सम्पन्न भएका छन् भने कतिपय योजना कार्यान्वयनको चरणमा छन्।

**सडक सञ्जाल**लाई व्यवस्थित बनाउन चक्रपथ दोस्रो खण्ड, सामाखुशी-टोखा-चण्डेश्वरी सडक, लुँडेखोला करिडोर, विष्णुमती खोला करिडोर, साङ्लेखोला करिडोर तथा विभिन्न पुलहरू निर्माण जस्ता रणनीतिक योजनाहरू अघि बढेका छन्। हाम्रो निर्वाचन क्षेत्र भित्रका टोखा नगरपालिका, काठमाडौं महानगरपालिका र बुढानीलकण्ठ नगरपालिकाका गरी १५ वटै वडाका भित्री सडकहरूको स्तरोन्नति भएका छन्।

हरेक घरमा **पर्याप्त स्वच्छ पानी** पुऱ्याउने हाम्रो सङ्कल्प अनुसार शिवपुरी मुहान पोखरी संरक्षण, टोखा बृहत् खानेपानी आयोजना, खड्कागाउँ सह-लगानी खानेपानी आयोजना जस्ता ठूला आयोजनाहरू अघि बढेका छन्। धेरै वडाहरूमा डिप बोरिङ्ग, ओभरहेड ट्याङ्की निर्माण, खानेपानी पाइप विस्तार जस्ता कार्य सम्पन्न भई पानी वितरण सुरु भइसकेको छ। नेपालमै पहिलोपटक **बुढानीलकण्ठ-४ मा वाटरपार्क** (Water Park) निर्माणको कार्य अगाडि बढाइएको छ।

**स्वास्थ्यतर्फ** त्रि. वि. शिक्षण अस्पताल (टिचिङ्ग), कान्ति बाल अस्पताल, शहिद गङ्गालाल अस्पतालमा आधुनिक उपकरणहरूको व्यवस्थापन तथा सेवा विस्तार, भवनहरुको पुनः निर्माण र विभिन्न वडामा आधारभूत स्वास्थ्य केन्द्रहरू स्थापना तथा उपकरण व्यवस्थापन लगायतका कार्य सम्पन्न भएका छन्। बुढानीलकण्ठमा राष्ट्रिय आयुर्वेद पञ्चकर्म तथा योग सेवा केन्द्र निर्माण सम्पन्न गरी संचालनमा ल्याइएको छ। बुढानीलकण्ठमा **अटिजम**





**स्याहार-केन्द्र स्थापना** तथा यसै क्षेत्रमा **न्युरो अस्पताल** स्थापनाको कार्य अघि बढाइएको छ। **शिक्षा**तर्फ विभिन्न विद्यालयहरूको अडिटोरियम-हल निर्माण तथा अन्य भौतिक पूर्वाधार बिस्तार एवं आधुनिक प्रविधिको जडानसहित प्राविधिक सुधारका कार्यहरू सम्पन्न भएका छन्।

हाम्रो **धार्मिक र सांस्कृतिक** पहिचान संरक्षण तथा संवर्द्धनका लागि बुढानीलकण्ठ मन्दिरको भौतिक पूर्वाधार निर्माण, चण्डेश्वरी मन्दिरको जिर्णोद्वार, अन्य विभिन्न मन्दिरहरू तथा गुम्बाहरूको मर्मत कार्य सम्पन्न भएका छन्। नागरिकहरूका लागि पार्क, सत्तल, पाटी तथा विश्रामस्थल निर्माणका धेरै कामहरू सम्पन्न भएका छन्। सार्वजनिक जग्गाहरूको संरक्षण, खुला स्थानमा वृक्षरोपण, खेलमैदानहरूको स्तरोन्नति गर्ने कार्यहरू अगाडि बढाइएको छ।

## मेरो उम्मेदवारी किन?

*नेपालको पछिल्लो जटिल राजनीतिक अवस्था, विशेषगरी युवा (जेन-जी) पुस्तालगायत आमनागरिकले निरन्तर उठाउँदै आएका सुशासन, आर्थिक विकास, रोजगारी, सामाजिक न्याय, सांस्कृतिक पहिचान जस्ता सवाललाई आत्मसात् गर्दै देशलाई शान्ति, स्थायित्व र समृद्धिको नयाँ उचाइमा पुर्‍याउन;*

*नेपालको राष्ट्रिय एकता, स्वाधीनता, लोकतन्त्रको रक्षा, राजनीतिक स्थायित्व एवं सवल अन्तर्राष्ट्रिय कुटनीतिसहितको दिगो विकास तथा आर्थिक समुन्नतिको तपाईं-हाम्रो साझा सङ्कल्प पूरा गर्न;*

*जिम्मेवार जनप्रतिनिधिको रूपमा जनपक्षीय कानुनहरूको निर्माण, नीतिगत सुधार र राज्यका सबै निकाय र संयन्त्रहरूलाई सक्षम र नागरिकप्रति उत्तरदायी बनाउन सशक्त भूमिका निर्वाह गर्न;*

*हाम्रो- **काठमाडौं क्षेत्र नं. ५** को विशिष्ट ऐतिहासिक अवस्थिति, गौरवशाली सांस्कृतिक पहिचानको संवर्द्धन र आधुनिक आवश्यकतालाई पुरा गर्न तथा काठमाडौं उपत्यकाको एकीकृत विकासको अवधारणा अगाडि बढाउन;*

**आगामी फाल्गुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनमा, म तपाईंहरूसामु पुनःउभिएको छु।**

## काठमाडौं क्षेत्र नं. ५ का लागि मेरा प्रतिवद्धता

### १. प्रविधियुक्त र जीवनोपयोगी शिक्षा (Tech-Driven Education, Life-Ready Skills)

काठमाडौं क्षेत्र नं. ५ अन्तर्गत हामीले प्रारम्भ गरेका शैक्षिक सुधारको अभियानलाई अझ प्रभावकारी बनाउन तथा शिक्षालाई डिजिटल प्रविधिसँग जोड्न टोखा नगरपालिका अन्तर्गतका चण्डेश्वरी, सरस्वती, धापासी, झोर



महांकाल, तिलिङटार र चुनदेवी विद्यालय; काठमाडौं महानगरका बाँसबारी, शिवपुरी, चुनदेवी, रानीबारी, टङ्गाल र महेन्द्र राष्ट्रिय मावि तथा बुढानीलकण्ठका आत्मविकास, पञ्चकन्या, बुढानीलकण्ठ, खड्का भद्रकाली, श्रीराम, मदनआश्रित लगायतका विद्यालयहरूलाई सुविधा सम्पन्न, गुणस्तरीय र आधुनिक बनाउदै "**स्मार्ट स्कुल**" को रूपमा स्तरोन्नति गरिनेछ।

शिवपुरी, बुढानीलकण्ठ र चिरन-मिलन विश्वशान्ति क्याम्पसलाई अनुसन्धानमुखी शैक्षिक केन्द्र बनाउन र नयाँ प्राविधिक संकायहरू थप्न सम्बन्धित निकायसँग समन्वय गरिनेछ।

स्थानीय समुदायमा बोलिने मातृभाषा (नेवारी, तामाङ आदी) तथा मौलिक सीप र ज्ञानलाई शिक्षण सिकाइमा समावेश गर्न पाठ्यक्रम निर्माणका लागि स्थानीय तहसँग सहकार्य गरिनेछ। शिक्षकहरूलाई आधुनिक शिक्षण पद्धति र प्रविधिसम्बन्धि तालिम दिलाउन सम्बन्धित निकायहरूसँग सहकार्य गरिनेछ। सार्वजनिक-निजी-साझेदारी (PPP) मोडेल मार्फत हाम्रा विद्यालयहरूमा प्रविधिमैत्री अध्ययनको वातावरण तयार गर्न सम्बद्धपक्ष सँग सहकार्य गरिनेछ।

**२. सहज, सुलभ, गुणस्तरीय र प्रविधिमैत्री स्वास्थ्य प्रणालीः सबैका लागि स्वास्थ्य बीमा**

यस क्षेत्रका त्रि. वि. शिक्षण अस्पताल महाराजगञ्ज (टिचिङ), सहिद गङ्गालाल राष्ट्रिय हृदय केन्द्र, कान्ति बाल अस्पताल, नेपाल प्रहरी अस्पतालजस्ता केन्द्रीय अस्पतालहरूको स्वास्थ्य सेवा प्रवाहको क्षमता थप विस्तार गरिनेछ। क्षेत्र नं. ५ लाई मेडिकल हव (Hub) को रूपमा विकास गर्दै लैजान निजी अस्पतालहरूसँग समेत सघन सहकार्य गरिनेछ।

सबैका लागि स्वास्थ्य बीमामा आबद्धता सुनिश्चित गरि स्वास्थ्य प्रणालीलाई (Digital Health System) आधुनिक प्रविधिसँग जोड्दै थप व्यवस्थित, सहज र सुलभ बनाइनेछ। स्वास्थ्य बीमाको पुनर्संरचना गरी यसलाई नागरिकको योगदानमा आधारित राष्ट्रिय गौरवको कार्यक्रम बनाइनेछ र सुविधाको दायरा वृद्धि गर्दै नागरिकले बिरामी पर्दा ढुक्कसँग उपचार लिन पाउने वातावरण निर्माणका लागि आवश्यक नीति निर्माण तथा कार्यन्वयनमा उचित समन्वय गरिनेछ।

राष्ट्रिय आयुर्वेद पञ्चकर्म तथा योग सेवा केन्द्र, बुढानिलकण्ठलाई अत्याधुनिक, व्यवस्थित र थप प्रभावकारी बनाउँदै आयुर्वेदको विकासलाई उच्च प्राथमिकताका साथ निरन्तरता दिइनेछ।

तीनै तहका सरकारका स्वास्थ्य संरचनासँग सहकार्य गर्दै निशुल्क स्वास्थ्य शिविर र स्वस्थ जीवनशैलीका लागि जनचेतना विस्तार कार्यलाई निरन्तरता दिइनेछ। स्थानीय तहसँग सहकार्यमार्फत शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रहरूको स्थापना तथा आवश्यक जनशक्ति, उपकरण र औषधिसहित थप सुदृढ बनाउँदै नागरिकको





घरदैलोमै आधारभूत स्वास्थ्य सेवा पुऱ्याउने व्यवस्था मिलाइनेछ। मानसिक स्वास्थ्य समस्या समाधानका लागि परामर्श केन्द्रहरूको विकास तथा लागुपदार्थ दुर्व्यसन विरुद्ध सचेतना कार्यक्रम तथा नियन्त्रणका कार्यलाई तिव्रता दिइनेछ।

### ३. युवा रोजगारी र उद्यमशीलताः नवप्रवर्तन र व्यावसायिक उत्थान

संघीय संसद् मार्फत व्यवसायमैत्री कानुन निर्माणका लागि विशेष पहल गरिनेछ। झन्झटिलो व्यवसाय दर्ता तथा बन्द गर्ने प्रक्रियाको अन्त्य गर्न Easy Entry and Exit को नीति निर्माणका लागि सहजीकरण, कर प्रणालीमा सुधार र उद्यमीहरूको लगानी सुरक्षित गर्न वित्तीय सुरक्षाको नीतिगत व्यवस्थाका लागि कानुन निर्माण गरिनेछ। रोजगारी र उद्यमशीलता विकासका लागि डिजिटलाइजेसन र सूचना तथा सञ्चार प्रविधि (ICT) लाई विशेष प्राथमिकता दिइनेछ। हाम्रा युवा जनशक्तिलाई विश्व प्रविधि बजार (Global Tech Market) सँग प्रतिस्पर्धा गर्न तथा सक्षम बनाउन आधुनिक; आर्टिफिसिएल इन्टेलिजेन्स (AI), डिजिटल मार्केटिङ जस्ता विषयमा उच्चस्तरीय शैक्षिक तथा प्राविधिक तालिमको प्रबन्ध गरिनेछ।

यस क्षेत्रलाई डिजिटल इनोभेसन हवका रूपमा विकसित गर्दै नीतिगत सहजीकरण तथा आवश्यक पूर्वाधार निर्माण गरिनेछ। उद्यमी पहिचान र व्यावसायिक गतिशीलताका लागि क्षेत्र नं. ५ भित्र रहेका साना, मझौला र ठूला उद्यमीहरूको विस्तृत तथ्याङ्क सङ्कलन गरी उनीहरूको व्यावसायिक वर्गीकरण गरिनेछ। व्यवसायलाई थप विस्तार र आधुनिकीकरण गर्न प्राविधिक तथा रणनीतिक सहयोग (Mentorship) प्रदान गर्न सार्वजनिक-निजी-साझेदारी (PPP) मोडेलमा आधारित भएर नवोदित उद्यमीहरूका लागि स्टार्टअप तथा एक्सिलरेसन जस्ता कार्यक्रम सञ्चालनका लागि सहकार्य गरिनेछ।

यस क्षेत्रमा Business Incubation Support and Research Center स्थापनाका लागि सम्बन्धित निकायमा पहल र सहकार्य गरिनेछ। युवाहरूको ऊर्जालाई उत्पादनसँग जोड्न र स्थानीय व्यवसायलाई दिगो बनाउन सपोर्ट इकोसिस्टमको विकास तथा राज्यको सहुलियत, अनुदान र वैदेशिक लगानीसम्म पहुँच पुऱ्याउन सहजीकरण गरिनेछ। प्रविधिको प्रयोगमार्फत स्थानीय उत्पादनको विश्वव्यापी बजारीकरण गर्न र रिमोट वर्क (Remote Work) का अवसरहरू सिर्जना गरी युवाहरूलाई स्वदेशमै बसेर विश्वस्तरीय आम्दानी गर्न सक्ने वातावरणको निर्माण गरिनेछ।

### ४. कला-संस्कृतिको संरक्षण र पर्यटन प्रवर्द्धनः हाम्रो सम्पदा, हाम्रो पहिचान

#### क) ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको संरक्षणः आर्थिक समृद्धि र शहरी पुनरुत्थान

हाँडीगाउँ, मालीगाउँ, पञ्चकुमारी, गहना पोखरी, सत्यनारायण मन्दिर, मन-मानेश्वरी, भाटभटेनी, टुँडाल देवी, धुम्बाराही, नीलसरस्वती, चण्डेश्वरी, तलेजु, संकता (अजिमा), सपन तिर्थ, गणेश, पिगंद्य, धरमपुर, लगायतका





प्राचीन मठ-मन्दिर, सत्तल, हिटी (ढुंगेधारा) र ऐतिहासिक क्षेत्र तथा बस्तीहरूको संरक्षण, संवर्द्धन तथा सौन्दर्यीकरण गर्दै यस क्षेत्रलाई खुल्ला संग्रहालय (Open Museum) एवं पर्यटकीय गन्तब्यका रूपमा विकास गरिनेछ। बुढानीलकण्ठ, चण्डेश्वरी, सपनतिर्थ, ईस्कोन, सत्यनारायण जस्ता प्रसिद्ध मन्दिरहरूलाई पर्यटकीय केन्द्रका रूपमा विकास गरिनेछ। स्थानीय तह, निजी क्षेत्र र पर्यटन व्यवसायीहरूसँगको सहकार्यमा यस क्षेत्रलाई भ्याली सिटी टुर (Valley City Tour) को आइटिनेरी (Itinerary) मा समावेश गर्न पहल गरिनेछ।

टोखाको बिस्का नखः (जात्रा), पाँहाचऱ्हे जात्रा तथा हाडीगाउँको चोखःते नारायण जात्रा (कहीँ नभएको जात्रा), टुँडालदेवी (गहना खोज्ने) जात्रा, हरिहर संस्कृति, भद्रकाली जात्रा जस्ता मौलिक परम्पराहरूलाई ब्राण्डिङ्ग तथा दाफा खलः भजन खलः धिमे खलः जस्ता मौलिक वाद्यवादन र जात्राहरूको जीवन्तताका लागि स्थानीय गुठी र समुदायलाई स्रोत-साधन सम्पन्न बनाइनेछ।

यस क्षेत्रका प्रत्येक सम्पदा तथा कला-संस्कृतिको ऐतिहासिक महत्त्व बुझाउन AR/VR/QR मा आधारित सूचना प्रणालीको जडान तथा हेरिटेज हवका रुपमा विकास गरिनेछ। यस क्षेत्रका मूर्त तथा अमूर्त सम्पदाको संरक्षण र संवर्द्धनका लागि स्थानीय तहसँग सहकार्य गर्दै हाम्रा ऐतिहासिक अभिलेख, लोककथा, भाषा र कलासंस्कृतिको संरक्षण गर्दै विभिन्न स्थानमा पैदलमार्ग, खुला क्षेत्र र सम्पदामैत्री पूर्वाधार निर्माणमार्फत शहरी पुनरुत्थान (Urban Regeneration) को नमुना क्षेत्र बनाइनेछ।

टोखाको प्रसिद्ध चाकु, स्थानीय हस्तकला तथा ऐतिहासिक सम्पदा लगायतलाई सूचना प्रणालीमा आधारित भौगोलिक पहिचान (GIS Mapping) प्रदान गरी पर्यटन र व्यवसाय प्रबर्द्धनसँग जोडिनेछ। होम-स्टे (Homestay), स्थानीय तथा मौलिक परिकार एवं कल्चरल क्याफे (Cultural Cafe) हरूलाई प्रोत्साहन तथा प्रबर्द्धन गरी पर्यटकहरूलाई स्थानीय जीवनशैलीको प्रत्यक्ष अनुभव गराइने नीति तथा कार्यक्रम तय गरिनेछ।

### ख) हेरिटेज वाक-वे

विष्णुमती मुहानदेखि विष्णु पादुकासम्म र रानीदेवी क्षेत्रमा सुरक्षित र सुन्दर हेरिटेज वाक-वे (Pedestrian Path) निर्माण गरिनेछ। बुढानीलकण्ठदेखि शिवपुरी-नागार्जुन राष्ट्रिय निकुञ्जको फेदीसम्म जोड्ने चक्रीय सम्पदा-पथ (Heritage Circuit) र पदयात्रीहरूका लागि सुरक्षित इको-ट्रेकिङ रुट निर्माण गरिनेछ। हाँडीगाउँ-देउपाटन (पशुपति क्षेत्र) को हेरिटेज रुटलाई धार्मिक तथा सांस्कृतिक पर्यटनको उत्कृष्ट नमूना बनाइनेछ। वाक-वे क्षेत्रमा पदयात्रीको सुरक्षाका लागि आवश्यक व्यवस्था गर्न आधुनिक प्रविधिको उपयोगलाई जोड दिइनेछ।

## ५. खानेपानी र ढल निकासः एकीकृत व्यवस्थापनसहितको दिगो विकास

### क) शुद्ध खानेपानी र जलस्रोत संरक्षण



बढ्दो शहरीकरणलाई मध्यनजर गर्दै खानेपानीको सहज आपूर्ति र वैज्ञानिक ढल व्यवस्थापनलाई प्राथमिकता दिइनेछ। मेलम्ची खानेपानी आयोजनाको कार्यान्वयनलाई निरन्तरता दिँदै यस क्षेत्रमा विस्तार गरिएको वितरण प्रणालीलाई थप समन्यायिक र व्यवस्थित बनाइनेछ। बुढानीलकण्ठ र विष्णुमती मुहानको पानी एकीकृत गरि अघि बढाइएको योजनालाई आधुनिक प्रशोधन प्रणाली (Modern Filtration Plant) मार्फत शुद्धीकरण गरी स्थानीय ठाउँमा निर्माण भएका ट्याङ्कीहरूसँग एकीकृत (Grid Connection) गरिनेछ।

स्थानीय तह र सम्बन्धित निकायहरूसँग सहकार्य गर्दै परम्परागत ढुङ्गेधारा, हिटी, कुवा, जंरु र पोखरीहरूको पुनरुत्थान तथा संरक्षण गरिनेछ। सार्वजनिक स्थल तथा निजी घर-धुरीमा, प्रकृतिमा आधारित समाधान (Nature Based Solutions) अन्तर्गत ग्राउन्ड वाटर रिचार्जका विभिन्न प्रविधिलाई विस्तार गरी भूमिगत जलस्रोतको संरक्षण र जलप्रणालीलाई पुनः जीवन्त तुल्याइनेछ।

**ख) नदी कोरिडोरको ढल व्यवस्थापन र सौन्दर्यीकरण**

टुकुचा, धोविखोला, सामाखुशी र साङ्ला खोला जस्ता यस क्षेत्रको ढल समस्याको समाधान गर्न उचित व्यवस्थापन गरिनेछ। सम्बन्धित निकायहरुसँग सहकार्य गर्दै ढल र पानीको निकासलाई छुट्टाछुट्टै व्यवस्थापन गरी यी नदीहरूलाई दुर्गन्धमुक्त र सफा बनाउँदै कोरिडोरको सौन्दर्यीकरण गरिनेछ। नदी किनार तथा सडकमा बर्षाको पानी जमेर हुने डुबान समस्या समाधान गर्न स्टोर्म वाटर ड्रेनेज (Storm Water Drainage) को क्षमता विस्तार गरिनेछ।

**ग) विपद व्यवस्थापन**

तिनै तहका सरकारसँग सहकार्य गर्दै; टुकुचा, धोबी खोला, सामाखुशी, साङ्ला लगायतका खोलाको बाढी तथा शहरी डुबान निराकरण गर्न अघि बढाइएको कार्यलाई तीव्रता दिइनेछ। शहरी विपद व्यवस्थापनको रणनीति अन्तर्गत यस क्षेत्रका साँघुरा गल्ली र बस्तीहरूमा आगलागी नियन्त्रणका लागि पाइपलाइनमार्फत जोडिने गरी फायर हाइड्रान्ट (Fire Hydrant) जडानका लागि सहकार्य गरिनेछ।

भूकम्पीय उच्च जोखिममा रहेको काठमाडौं महानगर तथा अन्य बस्तीहरूमा राष्ट्रिय भवन संहिताको कार्यान्वयन, जोखिमयुक्त संरचनाको पहिचान गरी चरणबद्ध रेट्रोफिटिङ र अद्यावधिक भू-उपयोग (land-use) को योजना तथा नियमनमार्फत सुरक्षित शहरी विकास सुनिश्चित गरिनेछ। Build Back Better को सिद्धान्तलाई आत्मसात् गर्दै एकीकृत आपतकालीन कमाण्ड सेन्टर, डिजिटल सूचना प्रणाली र पूर्वतयारी उद्धार सामग्रीसहितको दिगो पुनर्निर्माण र भूकम्प प्रतिरोधी एवं सुरक्षित र सक्षम सहर निर्माणका लागि सरोकारवालासँग सहकार्य गरिनेछ।

**६. सबैका लागि व्यवस्थित सार्वजनिक पार्कः खुल्ला र सुरक्षित सडक**





## क) सार्वजनिक तथा खुला क्षेत्रहरू (Open Spaces) को व्यवस्थापन

सार्वजनिक जग्गाको संरक्षण गरी पार्क; बाल उद्यान, युगल पार्क, ज्येष्ठ नागरिक पार्क, पुस्तकालय सहितका पार्क तथा खुला व्यायामशाला (Open Gym) निर्माण कार्यलाई निरन्तरता दिइनेछ। स्थानीय तहसँगको सहकार्य मार्फत परम्परागत बस्ती तथा खुला क्षेत्र (चोक, नन्नी, लाछी, बहाः, बहिः, फल्चा, डबली, सत्तल आदी) लाई व्यवस्थित गरिनेछ।

## ख) सडक, यातायात र फुटपाथ व्यवस्थापन

टोखा-छहरे सुरुङमार्ग र रसुवा-केरुङ राजमार्गलाई व्यापारिक लाइफलाइनको रूपमा विकास गर्न पहल गरिनेछ। चक्रपथ विस्तार, नारायण गोपाल चोकमा अण्डरपास तथा फ्लाइओभर, सामाखुशी-विष्णुमती कोरिडोरको स्तरोन्नति लगायतका यस क्षेत्रका ठूला, रणनीतिक तथा अन्य साना सडक सञ्जाल निर्माण र स्तरोन्नति तथा सम्बन्धित निकायसँग सहकार्य गरि फुटपाथ व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ। सम्बन्धित निकाय तथा स्थानीय तहसँगको सहकार्यमार्फत ट्राफिक लाइट जडान तथा पार्किङलाई व्यवस्थित गरिनेछ।

काठमाडौं उपत्यकाका अन्य निर्वाचन क्षेत्र तथा तीनै तहसँगको सहकार्यमार्फत एकीकृत र व्यवस्थित मास ट्रान्सपोर्टेसन प्रणाली (Integrated Mass Transportation), साझा डिजिटल भुक्तानी (Universal Card System), रुट व्यवस्थापन (Route Optimization) र वास्तविक समयको जानकारी दिने प्रविधि (Real-time Information System) लागु गर्दै सार्वजनिक यातायातलाई आर्थिक र व्यवस्थापकीय रूपमा दिगो (Viable), सहज (Easy) र अनुमान योग्य (Predictable/Knowable) बनाउन विशेष योजना तयार पारी कार्यान्वयनको पहल गरिनेछ।

सडक पूर्वाधार र सार्वजनिक यातायातलाई अपाङ्गतामैत्री तथा ज्येष्ठ नागरिकमैत्री बनाउँदै सबै वर्गका नागरिकले सुरक्षित र सहज रूपमा यात्रा गर्न सक्ने प्रणालीको विकासमा विशेष जोड दिइनेछ।

## ७. डिजिटल रूपान्तरणः नवप्रवर्तन र प्रविधिको विकास

डिजिटल नेपालको अवधारणालाई मूर्तरूप दिन नागरिक डेटा सङ्कलन र सुरक्षित व्यवस्थापनका लागि एकीकृत नीति तर्जुमा गर्दै सार्वजनिक सेवा प्रवाहलाई पूर्ण रूपमा डिजिटल बनाइनेछ। सरकारी निकायहरूबीच प्रभावकारी समन्वयका लागि Inter-operable Data Exchange Layer को अवलम्बनलाई अनिवार्य गर्न आवश्यक नीतिगत व्यवस्था गरिनेछ भने डिजिटल पूर्वाधारको विशिष्टतालाई मध्यनजर गर्दै सार्वजनिक खरिदलाई समयानुकूल परिमार्जन गर्न पहल गरिनेछ।





नेपाली प्रविधि कम्पनीहरूलाई विश्व बजारमा आफ्नो व्यवसाय विस्तार गर्न कानुनी सुनिश्चितता प्रदान गर्दै शिक्षा, कृषि र स्वास्थ्य जस्ता संवेदनशील क्षेत्रमा ब्लकचेन प्रविधिको प्रयोगका लागि सम्भाव्यता अध्ययन गरिनेछ।

विश्वविद्यालयहरू मार्फत अनुसन्धान र विकास (R&D) लाई प्रोत्साहन गर्ने, आर्टिफिसियल इन्टेलिजेन्स (AI) सम्बन्धि नीति निर्माणको नेतृत्व लिने र नेपालको आफ्नै लार्ज ल्याङ्ग्वेज मोडेल (LLM) विकासका लागि डेटा उत्पादन र पूर्वाधारको वातावरण तयार गरिनेछ। साथै, नवप्रवर्तन (Innovation) लाई सहज बनाउन Sandboxing को नीतिगत व्यवस्था गर्दै राज्य संयन्त्रमा नेपाली इनोभेटर र स्वदेशी प्रविधिलाई विशेष प्राथमिकता एवं अन्तराष्ट्रिय रुपमा समेत सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ।

## ८. सामाजिक न्याय, सार्वजनिक सेवा र भूमिहीनताको अन्त्य

**क)** सामाजिक न्याय, आर्थिक-सामाजिक विकास, सार्वजनिक सेवा र लैङ्गिक/आर्थिक समानतामा जोड दिन संरचनात्मक रुपमा पिँधमा रहेका नागरिकका लागि आरक्षण, विपन्न तथा जेहनदार विद्यार्थीका लागि शैक्षिक पहुँचको विस्तार र ज्येष्ठ नागरिकका लागि सहुलियत र प्राथमिकता जस्ता सामाजिक सुरक्षा र उत्तरदायित्वका दायरालाई अझ बृहत्तर बनाइनेछ।

लैङ्गिक अल्पसंख्यक, सीमान्तकृत वर्ग तथा सम्प्रदाय, आदिवासी-जनजाति तथा संरचनात्मक रुपमा पिँधमा रहेका जनसमुदायहरूको पहिचान, प्रतिष्ठा तथा शासन प्रणालीमा समावेशिता र नीति निर्माण तहमा सहभागिताको सुनिश्चिततालाई थप सशक्त बनाइनेछ। विपन्न र पिछडिएका वर्ग र समुदायको सशक्तीकरण सहितको सर्वसुलभ जीविकोपार्जनका लागि आवश्यक कार्यक्रम अघि सारिनेछ।

सार्वजनिक सेवा प्रवाहलाई जनमुखी बनाउन अशक्त र जेष्ठ नागरिकका लागि कार्यालयहरूमा सहज सेवा र छुट्टै सहायता कक्षको थप प्रभावकारी व्यवस्थापन गर्न तथा महत्वपूर्ण सार्वजनिक सेवाहरू घरदैलोमै पुऱ्याउने संयन्त्रको विकासका लागि पहल गरिनेछ। यसका लागि सरकारलाई लचिलो (Agile Governance) तथा नागरिक केन्द्रित र जवाफदेही (Citizen Centric and Responsive) बनाउदैं लगिनेछ।

### ख) भूमिहीनताको अन्त्यका लागि

भूमिहीनताको अन्त्य गर्न आवश्यक कानुनी प्रबन्ध गरी अव्यवस्थित बसोवासी र सुकुम्बासी बस्तीको उचित व्यवस्थापन गरिनेछ। भूमिहीनहरूको पहिचान गरी जग्गाधनी प्रमाण पुर्जा (लालपुर्जा) वितरणको कार्यलाई तीव्रता दिइनेछ। मोही र जग्गाधनीबीच जग्गाको न्यायोचित बाँडफाँड गरी मोहीको अधिकार सुनिश्चित गर्ने नीति लिइनेछ।





## ९. बालबालिका र ज्येष्ठ नागरिक

बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक नीति तथा कार्यक्रम निर्माणका लागि पहल गरिनेछ। साथै, बालमैत्री पार्क तथा बाल-पुस्तकालय स्थापनाका लागि पहल गरिनेछ। वाल अपराध, दुर्व्यसन र साइबर वा विद्युतीय अपराध नियन्त्रण गरी बालबालिकालाई सुरक्षित बनाइनेछ। अपाङ्गता तथा फरक क्षमता भएका बालबालिकाका लागि शिक्षा, स्वास्थ्य, सम्मानित जीवन जिउने आधार एवं अन्य अवसर सिर्जना गर्न सहजीकरण र पहल गरिनेछ।

बच्चा जन्मदाको वखत नै उनीहरूमा सम्भावित रोग रहे/नरहेको पत्ता लगाउन स्कृनिङ्ग (New Born Screening) गर्ने कार्यक्रमलाई थप विस्तार गरिनेछ। निशुल्क खोप, सुलभ शिशु स्याहार केन्द्र, दिवा खाजा र पोषण तथा तीन वर्षसम्मका बालबालिकाको निशुल्क उपचार एवं चौध वर्ष मुनिका बालबालिकाको निशुल्क क्यान्सर उपचारका कार्यक्रम थप विस्तार गर्न प्रभावकारी भूमिका निर्वाह गरिनेछ।

ज्येष्ठ नागरिकका लागि सामुदायिक सहारा तथा डे-केयर केन्द्र स्थापना, नियमित स्वास्थ्य परीक्षण, घरदैलो स्वास्थ्य सेवा, सहुलियत औषधि एवं स्वास्थ्य उपचार र सामाजिक सुरक्षा प्रणाली सुदृढ गरिनेछ। ज्येष्ठ नागरिकको अनुभव नयाँ पुस्ता समक्ष पुऱ्याउने र नयाँ पुस्ताले ज्येष्ठ नागरिकलाई सम्मानपूर्ण व्यवहार गर्ने तथा सुमधुर पारस्परिक सम्बन्ध सुदृढ गर्न चौतारा, पार्क, फल्चा, सत्सङ्ग, भजन मण्डली जस्ता संरचनाको व्यवस्थापन गर्दै सम्मानजनक, सुरक्षित र सक्रिय जीवनयापनको वातावरण निर्माण गरिनेछ।

## १०. सार्वजनिक जग्गाको संरक्षणः खेलकुद र पर्या-पर्यटनको विकास

स्वच्छ र हरियाली सहरको अवधारणालाई साकार पार्न काठमाडौं क्षेत्र नं. ५ मा सार्वजनिक जग्गाहरूको पहिचान तथा लगत तयार पारी त्यसको प्रभावकारी संरक्षण र सदुपयोग गरिनेछ। यस क्षेत्र अन्तर्गत टोखा नगरपालिकाको इन्द्रेणी सामुदायिक वन क्षेत्र र भूतखेल चौरलाई अत्याधुनिक पूर्वाधारसहितको पार्क र खेलमैदानका रूपमा विकास गर्ने कार्यलाई तीव्रता दिइनेछ। ऐतिहासिक हरिहर आश्रम परिसरमा व्यवस्थित आध्यात्मिक पार्क निर्माण तथा स्थानीय पहिचान र प्राकृतिक सौन्दर्यलाई जोगाउँदै पर्या-पर्यटनको रुपमा विकास गरिनेछ।

धनेश्वर खेल मैदानलाई राष्ट्रियस्तरको खेलमैदानको रूपमा स्तरोन्नति गरिनेछ भने भूत्हया-दह क्षेत्रको ११४ रोपनी सरकारी जग्गालाई पिकनिक स्पट र ध्यान-साधना केन्द्रका रूपमा विकास गरी यसलाई आध्यात्मिक र पर्यटकीय गन्तव्य बनाइनेछ। च्यासिङ्गडोल र आइतबारे पार्कको संरक्षण तथा व्यवस्थापन गर्दै ग्रीन कोरिडोर र स्वस्थ जीवनशैलीको विकास केन्द्रका रूपमा स्थापित गरिनेछ।





## ११. महिला सशक्तीकरणः आर्थिक आत्मनिर्भरता, सामाजिक सुरक्षा र राजनीतिक नेतृत्व

महिलाहरूको आर्थिक स्वावलम्बन, स्वतन्त्रता, सुरक्षित तथा सम्मानजनक जीवन र सामाजिक सुरक्षालाई एकीकृत रूपमा अगाडि बढाइनेछ। तालिमको आवश्यकता पहिचान, सीपमूलक तालिम प्रदान तथा उद्यमशीलता विकासलाई जोडी आयआर्जनका अवसरहरू सिर्जना गरिनेछ। गर्भावस्थादेखि शिशुको १००० दिन (Golden 1000 Days) सम्मको स्वास्थ्य र पोषणलाई सुनिश्चित गर्न पोषण कुपन र निःशुल्क स्वास्थ्य परीक्षण तथा विभिन्न रोगको स्क्रिनिंग (Screening) गर्ने कार्यलाई वडा तहसम्मै प्रभावकारी बनाइनेछ।

महिलाहरूको राजनीतिक र नीतिगत तहमा नेतृत्व विकासका लागि संरचनात्मक सुधारमा जोड दिइनेछ। नीति निर्माण तथा निर्णय प्रक्रियाका हरेक चरणमा महिलाहरूको अर्थपूर्ण र सम्मानजनक सहभागिता सुनिश्चित गर्न आवश्यक कानुनको निर्माण गर्नुका साथै नेतृत्व विकासका विशेष कार्यक्रमहरू ल्याइनेछ। आर्थिक स्वावलम्बन र सामाजिक सुरक्षालाई एकीकृत रूपमा अगाडि बढाउँदै सीपमूलक तालिम, डिजिटल तथा वित्तीय साक्षरता, सहुलियत कर्जा र बजार पहुँचसहित उद्यमशीलताका अवसर विस्तार गरिनेछ। कृषि, घरेलु उद्योग, सेवा र नवप्रवर्तन क्षेत्रमा महिलामुखी कार्यक्रम सञ्चालन गरिनेछ।

महिलामाथि हुने सबै प्रकारका अन्याय, हिंसा र विभेदलाई पूर्णतः अन्त्य गर्न शून्य सहनशीलताको नीतिसहित कानुनी सहायता र सामाजिक सचेतनाका कार्यक्रमहरू सञ्चालन गरिनेछ। आर्थिक, सामाजिक र राजनीतिक क्षेत्रमा लैङ्गिक समानता कायम गर्दै विभेदमुक्त, न्यायपूर्ण र महिलामैत्री नमुना क्षेत्रको रूपमा स्थापित गरिनेछ।

## १२. पर्यावरण र दिगो विकासः नीतिगत सुधार र स्थानीय सक्रियता

सिङ्गो मुलुकको वातावरणीय स्वच्छता कायम गर्न र कार्बन उत्सर्जन न्यूनीकरणका लागि उत्पादनदेखि उपभोगसम्मको श्रृङ्खलालाई व्यवस्थित गर्न संसद्मार्फत कानुनी प्रावधान र मापदण्डहरू निर्माण गरिनेछ। यस राष्ट्रिय सङ्कल्पलाई स्थानीय स्तरमा कार्यान्वयन गर्न काठमाडौं क्षेत्र नं. ५ मा वातावरणमैत्री पूर्वाधार विकास, जनचेतना विस्तार र पर्यावरणमैत्री जीवनशैलीलाई प्रोत्साहन गरिनेछ।

ऊर्जा र वातावरणीय शुद्धताका लागि घर-घरमा वैकल्पिक ऊर्जा, विशेषगरी सोलार र विद्युतीय चुलोको प्रयोगलाई व्यापक बनाउन प्रोत्साहन गरिनेछ। शिवपुरी-नागार्जुन राष्ट्रिय निकुञ्जको संरक्षण, नदी कोरिडोरको ढल व्यवस्थापन र शहरी वन (Urban Forest) को विकास गर्दै, फोहोरमैलाको वैज्ञानिक व्यवस्थापनमार्फत यस क्षेत्रलाई पर्यावरणमैत्री, प्रदूषणमुक्त र दिगो विकासको नमुना क्षेत्रको रूपमा स्थापित गर्न सहकार्य गरिनेछ।

## १३. जनसहभागिता, पारदर्शिता र सुशासन

तपाईंको उम्मेदवार
प्रदीप पौडेल
काठमाडौं क्षेत्र नं. ५



नागरिकसँगको सम्बन्धलाई जीवन्त र पारदर्शी बनाउन सांसद सम्पर्क सचिवालयलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ। यस क्षेत्रका नागरिकसँगको संवाद र सम्पर्कलाई बलियो बनाउन नियमित कार्यक्रम चलाइनेछ। राष्ट्रिय नीति निर्माणका सवाल हुन् वा स्थानीय विकासका योजना, प्रत्येक प्रक्रियामा सम्बन्धित क्षेत्रका विज्ञहरूको परामर्श र आम-नागरिकको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ। विकास निर्माणमा हुने खर्च र गुणस्तरको जवाफदेहिताका लागि नियमित रूपमा सार्वजनिक लेखापरीक्षण (Public Audit) सामाजिक लेखापरीक्षण (Social Audit) र सार्वजनिक सुनुवाइ (Public Hearing) गरिनेछ।

नागरिकका समस्या, सुझाव र गुनासोहरूलाई तत्काल सङ्कलन र सम्बोधन गर्न आधुनिक सूचना प्रविधि, मोबाइल एप र डिजिटल Suggestions को प्रयोग गरी उत्तरदायी र प्रविधिमैत्री सुशासन प्रणालीको विकास गरिनेछ।

**१४. प्रतिज्ञाः सुशासन र सदाचारका लागि...**

सुशासनलाई शासकीय पद्धतिको मूल संस्कारका रूपमा स्थापित गर्न म दृढ सङ्कल्पित छु। मुलुकमा व्याप्त भ्रष्टाचार, ढिलासुस्ती र अनियमितता विरुद्ध शून्य सहनशीलता (Zero Tolerance) को नीति लिँदै राज्यका हरेक संयन्त्रलाई नागरिकप्रति उत्तरदायी बनाउन मेरो सशक्त भूमिका रहनेछ। संघीय संसद्मा सदाचार र सुशासन सम्बन्धि कडा कानुन निर्माण, नीतिगत सुधार र राज्यका संवैधानिक निकायहरूलाई थप बलियो र स्वतन्त्र बनाउन मेरो तर्फबाट इमानदार प्रयत्न गर्नेछु।

प्रशासनिक झन्झटको अन्त्य गरी सरकारी सेवा प्रवाहलाई छिटोछरितो र जनमुखी बनाउन डिजिटल गभर्नेन्स (Digital-Governance) प्रणालीलाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याउन निरन्तर लाग्नेछु। विकास निर्माणका हरेक आयोजनाहरूको गुणस्तर र खर्चमा पारदर्शिता कायम गर्न सार्वजनिक लेखापरीक्षण (Public Audit) सामाजिक लेखापरीक्षण (Social Audit) र सार्वजनिक सुनुवाइ (Public Hearing) लाई अनिवार्य गर्न आवाज उठाउने छु।

पहुँच र प्रभावका आधारमा नभई, विधिको शासन (Rule of Law) का आधारमा प्रत्येक नागरिकले राज्यबाट पाउनुपर्ने सेवा र न्याय विना अवरोध समान रूपमा प्राप्त गर्ने प्रणालीको विकासका लागि इमानदार प्रयत्न गर्नेछु।

**अन्त्यमाः** हिजो सांसद वा मन्त्री हुँदा मैले गरेका कामको संस्थागत विकास गर्न र थालनी गरेका कामलाई तार्किक निष्कर्षमा पुर्‍याएर पूर्ण रूपमा कार्यान्वयन गर्न अझ धेरै काम बाँकी नै छ। हामीले सुरु गरेका ती





दूरगामी महत्त्वका कामलाई निष्कर्षमा पुऱ्याउन र अझ धेरै कार्य गर्ने सङ्कल्प लिएर यस क्षेत्र र सिङ्गो मुलुकमा सुशासन, सहकार्य र समुन्नतिका लागि क्रियाशील रहने प्रण सहित पुनः यहाँहरूको माझमा आएको छु।

मलाई, पुनः भरोसा गरेर सेवा गर्ने अवसर प्रदान गर्नुहुनेछ भन्ने पूर्ण विश्वास लिएको छु। आगामी दिनमा पनि यहाँहरूको विश्वासलाई शिरोधार्य गर्दै एक जिम्मेवार जनप्रतिनिधिको रुपमा राष्ट्रिय नीति निर्माण गर्न, असल सरकार मार्फत सेवा प्रवाह सुदृढ बनाई मुलुकमा सुशासन कायम गर्न तथा यस क्षेत्रको समग्र विकासका लागि म अझ बढी ऊर्जा र पारदर्शिताका साथ खटिने प्रतिज्ञा गर्दछु।

**धन्यवाद !**

**तपाईंको उम्मेदवार**
**प्रदीप पौडेल**
**काठमाडौं क्षेत्र नं. ५**

**जय नेपाल !**





